नगर सभाबाट पारित भएको मिति : २०८२ असार ०६ गते ।
प्रमाणिकरण भएको मिति : २०८२ असार ३० गते ।

# पञ्चदेवल विनायक नगरपालिका

# आर्थिक ऐन, २०८२

पञ्चदेवल विनायक नगरपालिका

## पञ्चदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विनायक, अछाम
### सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्षः २०८२/८३

**पञ्चदेवल विनायक नगरपालिका**

**आर्थिक ऐन, २०८२**

**प्रस्तावना :**

पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा ५९ को उपधारा (१), धारा ६० को उपधारा (१) र धारा २२८ को उपधारा (२) बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको चौधौ अधिवेशनमा यो बिधेयक स्वीकृतिका लागि पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक ऐन, २०८२**" रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गते देखी पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

**सम्पत्तिकर** :(१) **पञ्चदेवल विनायक नगरपालिका**ले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (अनुसूची-१) बमोजिम सम्पत्ति कर लगाउनेछ ।

(२) उप-दफा (१) बमोजिम सम्पत्तिकर लगाउदा घर र घरले चर्चेको जग्गामा सम्पत्तिकर लगाई बाकीं जग्गा र घर नभएको जग्गामा उपदफा ३ बमोजिम भूमिकर (मालपोत) लगाउनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागी "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछैनः-

क. नेपालसरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

ख. सरकारी अस्पतालको घर र घरजग्गा,

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

च. धार्मिक संस्था, मन्दिर, गुम्बा, चर्च, मस्जिद आदिको घर र घर जग्गामा

छ. खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

ज. राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।

(३) **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

(४) **बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिँदा अनुसूची २ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिने छ ।

(५) **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ३ बमोजिम कर लगाइने र असूल उपर गरिने छ ।

(६) **बहाल बिटौरी शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउनेछ ।

(७) **जडिबुटी, कवाडी, जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची ४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

(८) **काइनेटिङ्ग,नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री कर:** यस नगर क्षेत्र भित्र भएर बग्ने, वातावरणीय अध्ययन गरेका र घाटगद्दि तोकीएका नदी/खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनूसुची ४ मा उल्लेख भए बमोजिम बिक्री कर रोयल्टी लगाउनेछ ।

(९) **सवारी साधन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र ३ पाङ्ग्रे अटो रिक्सा सञ्चालन गर्दा अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

(१०) **विज्ञापन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ र नगरपालिकाले लगाउने अन्य विज्ञापनको लागि अनुसूची ६ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

(११) **मनोरञ्जन करः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

(१२) **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ७ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(१३) **सामुदायिक बनबाट प्राप्त आय:**_यस नगरक्षेत्रभित्रका सामुदायिक बनका उपभोक्ता समितिले वन पैदावरको विक्री वापतप्राप्त हुने रकमको १० प्रतिशत रकम  यस नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।

(१४) **मदिरा सम्बन्धी शुल्क जरिवानाः** पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्र अवैध मदिराको उत्पादन रोक्न र नियन्त्रण गर्न  अनुसूची ८ बमोजिम शुल्क जरिवाना लगाइने छ ।

(१५) **पर्यटन शुल्कः** पञ्चदेवल विनायक नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुका लागि सेवा शुल्क प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(१६) **बहुवर्षिय ठेक्का :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बहुवर्षिय ठेक्काको हकमा एक वर्षको स्वीकृत ठेक्का रकमले हुन आउने रकमको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा १५ महिना अबधि सम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गर्ने । यस पछिका बर्षहरूमा समेत सोही अनुसार ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

**(१७)** **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची (९) बाहेक  कर छुट दिइने छैन  ।

(१८) **कर तथा संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(१९) **बाधा अडकाउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा पञ्चदेवल विनायक नगरपालिका, नगर कार्यपालिकालाई बाधा अडकाउ फुकाउने अधिकार रहने छ ।

**अनुसूची-१**

(दफा २ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने भूमि कर (मालपोत)**

| सि.नं. | जग्गाको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | अब्बल जग्गा प्रति रोपनी (५०८.७४ वर्ग मिटर) | ३० | मालपोत नतिरेकोमा प्रति वर्षको |
| २. | दोयम जग्गा प्रति रोपनी | २५ | |
| ३. | सिम जग्गा प्रति रोपनी | २० | |
| ४. | चाहार जग्गा प्रति रोपनी | १५ | |

पञ्चदेवल विनायक नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ५. | मध्यपहाडी विनायक स्वास्थ्य चौकी देखि पञ्चदेवल क्यापससम्मको प्रति आना | | ३५ | ३५% का दरले थप जरिवाना लाग्नेछ । |
| ६ | घर नक्सा पास (प्रति वर्ग फिट) | | १० | |
| ७ | घर सम्पन्न प्रतिवेदन (प्रति वर्ग फिट) | | ५ | |
| ८ | घर कर | पिलर सहितको आर.सि.सि.घर प्रति तला | २०० | |
| | | पिलर नभएको आर.सि.सि.घर | २०० | |
| | | ढुङ्गा र माटोको गारो भएको जस्ता वा पत्थरको छानो भएको घर | १०० | |
| | | माथि उल्लेखित प्रकृतिभित्र नपरेका घर | ५० | |

**अनुसूची-२**

(दफा ३ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने घर बहाल कर**

| सि.नं. | घरको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | पक्की घर (संघ-संस्था, व्यवसाय र सरकारी प्रयोजनको हकमा) | १०% | |
| २. | पक्की घर (व्यक्तिगत भाडाको हकमा) | १०% | |
| ३. | कच्ची घर | १०% | |

**अनुसूची-३**

(दफा ४ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने व्यवसाय कर**

| सि नं. | शिर्षक | व्यवसाय वर्गिकरण | राजश्व आवद्धता तथा नविकरण शुल्क दर रु. |
|---|---|---|---|
| १. | व्यवसायिक करहरु | दैनिक उपभोग्यका खाद्य पदार्थ बेच्ने किराना पसल ३ लाख सम्मका | १००० |
| २. | | दैनिक उपभोग्यका खाद्य पदार्थ बेच्ने किराना पसल ३ देखि ५ लाख सम्मका | १५०० |

पञ्चदेवल विनायक नगरपालिका

| | | |
|---|---|---|
| ३. | दैनिक उपभोग्यका खाद्य पदार्थ बेच्ने किराना पसल ५ लाख देखि माथी | २५०० |
| ४. | फलाम, सिमेन्ट, कर्कटपाता हार्डवेयर तथा भाँडाकुँडा पसल | २००० |
| ५. | सुन चाँदी गहना पसल | २००० |
| ६. | कस्मेटिक पसल | १००० |
| ७. | लुगा सिउने, कपाल काट्ने र कपडा धुने पसल | १००० |
| ८. | लत्ता-कपडा, थान कपडा, रेडिमेट कपडा र जुत्ता-चप्पल पसल | १५०० |
| ९. | आईस्क्रिम तथा जुस पसलहरु | ५०० |
| १०. | ग्याँस डिपो | ३००० |
| ११. | घडी, रेडीयो, क्यामरा, टि.भि., फ्रिज, फोटो स्टुडियो तथा मोबाईल र विधुतिय सामान वेच्ने पसल | १००० |
| १२. | चिया तथा भोजनालय | ७०० |
| १३. | छापाखाना | २००० |
| १४. | स्टेशनरी तथा पत्रपत्रिका बेच्ने पसल | १००० |
| १५. | कविराज, चिकित्सक, ईन्जिनियर, कानुन व्यवसाय, सेवा परामर्श र लेखा परिक्षक | २००० |
| १६. | फार्मेसी, एग्रोभेट र अन्य मेडिकलहरु | २००० |
| १७. | गैर-सरकारी संस्थाहरुको कार्यक्रम प्रवेश अनुमती शुल्क | २००० |
| १८. | बैंकिङ्ग र वितिय संस्था | ५००० |
| १९. | कृषक समुह, सामुदायिक संस्था तथा व्यवसायिक फर्महरु | १००० |
| २०. | दुग्ध व्यवसाय र चिज उद्योग | १५०० |
| २१. | व्यवसायिक तालिम केन्द्र | २००० |
| २२. | घरेलु तथा साना उद्योग-कुटानी, पिसानी, मिल | २००० |
| २३. | घरेलु तथा साना उद्योग- फर्निचर उद्योग | २००० |
| २४. | घरेलु तथा साना उद्योग- ग्रील उद्योग | २००० |
| २५. | निर्माण व्यवसायी सूचिकृत | ७५०० |
| २६. | मासु पसल तथा फ्रेस हाउस | २००० |
| २७. | वर्क सप | ३००० |

पञ्चदेवल विनायक नगरपालिका

| | | |
|---|---|---|
| २८. | कम्प्युटर इन्स्टिच्युट तथा साईबर | १००० |
| २९. | पेट्रोल डिजेल ड्रम वाला | ३००० |
| ३०. | तरकारी तथा फलफुल पसल | १००० |
| ३१. | होटल व्यवसाय | ३००० |
| ३२. | वर्गिकरणमा नपरेका ३ लाख सम्मका अन्य | ५०० |
| ३३. | मदिरा पसल ३ लाख सम्म | ४००० |
| ३४. | मदिरा पसल ३ लाख देखि माथि | ५००० |
| ३५. | समिल आरा मेशिन व्यवसाय | १५००० |

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने जडिबुटी, काइनेटिङ्ग, कवाडी, जीवजन्तु र ढुङ्गा, गिट्टी र बालुवा कर**

| सि.नं. | करको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | जडिबुटी र काइनेटिङ्ग ढुङ्गा | प्रति के.जी. रु. ५० | |
| २. | कवाडी शुल्क | प्रति के.जी. रु. १ | |
| ३. | ढुङ्गा, गिट्टी र बालुवा | प्रति घनमिटर रु. १०५ | |

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने सवारी साधन कर**

| सि.नं. | सवारी साधनको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | ३ पाङ्ग्रे अटो रिक्सा | प्रति रु. २००० | |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने विज्ञापन कर**

| सि.नं. | विज्ञापनको प्रकार | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | होडिङ्ग बोर्ड १० वर्गफिटसम्मका लागि | प्रति वर्गफिट रु. २० | |
| २. | होडिङ्ग बोर्ड २० वर्गफिटसम्मका लागि | प्रति वर्गफिट रु. ३० | |

| | | | |
|---|---|---|---|
| ३. | विद्युतीय वा टेलिफोनका पोलमा राखेका बोर्डहरु | प्रति बोर्ड रु. ३५० | |
| ४. | फ्लेक्स प्रिन्ट ब्यानर तथा विज्ञापनमा २० वर्गफिटसम्मलाई | प्रति वर्गफुट रु. ५०० | |
| ५. | फ्लेक्स प्रिन्ट ब्यानर तथा विज्ञापनमा २० वर्गफिट भन्दा माथी | प्रति वर्गफुट रु. ४०० | |
| ६. | अस्थायी रुपमा पोलमा लगाइने ब्यानर | प्रति दिन रु. १० | |
| ७. | अस्थायी रुपमा सडक वारपार लगाइने ब्यानर | प्रति दिन रु. २० | यस्तो ब्यानर बढीमा २० दिनसम्म मात्र लगाउन पाइनेछ । |

**अनुसूची-७**

(दफा १० सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने सेवा शुल्क दस्तुर**

| **सि.नं.** | **विवरण** | **शुल्क रु** |
|---|---|---|
| १. | अंग्रेजीमा गरिने सिफारिस | ३०० |
| | **नेपालीमा गरिने निम्नानुसारका दस्तुरहरु** | |
| २. | नागरिकता सिफारिस | १०० |
| ३. | नागरिकता प्रतिलिपी सिफारिस | २०० |
| ४. | नाता प्रमाणित | १५० |
| ५. | नाता कायम सिफारिस | १०० |
| ६. | पारिवारिक विवरण सिफारिस | १५० |
| ७. | बसोबास प्रमाणित सिफारिस | २०० |
| ८. | नाबालक सिफारिस | १०० |
| ९. | जन्म मिति प्रमाणित सिफारिस | २०० |
| १०. | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | २५० |
| ११. | अविवाहित प्रमाणित सिफारिस | २०० |
| १२. | व्यक्तिगत तथा चारित्रिक प्रमाणपत्र प्रमाणित सिफारिस | ५०० |
| १३. | सम्बन्ध बिच्छेद प्रमाणित सिफारिस | १,००० |

पञ्चदेवल विनायक नगरपालिका

| | | |
|---|---|---|
| १४. | खानेपानी, विद्युत मिटर, टेलिफोन जडान, नामसारी, ठाँउसारी र आवासिय सिफारिस | ५०० |
| १५. | व्यवसायिक सिफारिस | ५०० |
| १६. | प्रति रुख कटान सिफारिस | ५५० |
| १७. | घरेलु तथा साना उद्योग सर्जमिन सिफारिस | १,००० |
| १८. | मझौला उद्योग सिफारिस | ३,००० |
| १९. | व्यवसाय बन्द तथा नाम परिवर्तन सिफारिस | १,००० |
| २०. | वडा सर्जमिन मुचुल्का सिफारिस | ३०० |
| २१. | होटल दर्ता सिफारिस | १५०० |
| २२. | बसाइसराइँ सिफारिस | ७५० |
| २३. | योजना सिफारिस ५ लाखसम्म | ५०० |
| २४. | योजना सिफारिस ५ देखि ३० लाखसम्म | १००० |
| २५. | योजना सिफारिस ३० लाख देखि माथि | २००० |
| २६. | वडा कार्यालयबाट गरिने माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | २०० |
| २७. | नगरपालिका मार्फत आयोजना माग तथा सम्झौता सम्बन्धी सिफारिसहरु | १००० |
| २८. | नगरपालिकाबाट गरिने माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | ३०० |
| २९. | पहिलो कित्ता १ रोपनी सिफारिस | ३०० |
| ३०. | पहिलो कित्ता पछि थप प्रति रोपनी | ७५ |
| ३१. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता सिफारिस | ५०० |
| ३२. | न्यायिक समितिमा आउने उजुरी दस्तुर | २०० |
| ३३. | जग्गा नामसारी तथा अंशबण्डा सिफारिस | ४०० |
| ३४. | **जग्गा दर्ता खरिद बिक्री सिफारिस** | |
| (क) | विनायक स्वास्थ्य चौकीदेखि पञ्चदेवल क्याम्पससम्म प्रति सिफारिस | प्रति रोपनी रु. ८०० |
| (ख) | वडा नं. १ देखि ९ सम्मै ग्रामिण सडकले छोएको ठाँउमा प्रति सिफारिस | प्रति रोपनी रु. ४५० |
| (ग) | वडा नं. ४ को दोबाटादेखि बेलखेतसम्म प्रति सिफारिस | प्रति रोपनी रु. ५५० |

पञ्चदेवल विनायक नगरपालिका

| (घ) | अन्य | प्रति रोपनी रु. ३५० |
|---|---|---|
| ३५. | राजीनामा बकसपत्र सिफारिस | ६०० |
| ३६. | घरबाटो सिफारिस एक कित्ता | ५०० |
| ३७. | घरबाटो सिफारिस थप प्रति एक कित्ता | १०० |
| ३८. | अमिन खटन दस्तुर प्रति कित्ता | ५०० |
| ३९. | घर नक्शा नामसारी सिफारिस | ७५० |
| ४०. | घरजग्गा मूल्याङ्कन १ लाखसम्मको | ३५० |
| ४१. | घरजग्गा मूल्यांकन थप प्रति लाखको | २०० |
| ४२. | नक्सा पास फाराम दस्तुर | ६५० |
| ४३. | घर कायम सिफारिस | ५०० |
| ४४. | आयस्रोत प्रमाणित १ लाखसम्म | ८०० |
| ४५. | आयस्रोत प्रमाणित थप प्रति लाख | २०० |
| ४६. | निजी विद्यालय अपग्रेड | ५,००० |
| ४७. | तलब प्रमाणित सिफारिस | ५०० |
| ४८. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | २०० |
| ४९. | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ५०० |
| ५०. | व्यक्तिगत घटना दर्ता र नागरिक अभिलेख दर्ता किताब हेरेको | २०० |
| ५१. | चौपाया निकास दस्तुर (भेडा बाख्रा) | १५० |
| ५२. | चौपाया निकास दस्तुर (भैंसी, राँगा) | ५०० |
| ५३. | विभिन्न समूह, संघ, संस्था, क्लब, इन्स्टिच्युट आदि दर्ता सिफारिस | १००० |
| ५४. | ग्रिल उद्योग सिफारिस | २००० |
| ५५. | कुटानी-पिसानी मिल दर्ता सिफारिस | २,००० |
| ५६. | कुटानी-पिसानी मिल बिक्री, खारेजी, ठाउँसारी र नामसारी सिफारिस | २,००० |
| ५७. | समिल (डिजेलबाट चल्ने आरा मेसिन) काठ चिरानी दर्ता सिफारिस | ५,००० |
| ५८. | डेरी उद्योग दर्ता सिफारिस | १,००० |
| ५९. | व्यक्तिगत व्यवसाय प्रति लाख नवीकरण सिफारिस | २०० |

| | | |
|---|---|---|
| ६०. | संघ-संस्था नविकरण सिफारिस | ३५० |
| ६१. | सहकारी नविकरण सिफारिस | ५०० |
| ६२. | नामथर जन्ममिति संशोधन सिफारिस | २५० |
| ६३. | व्यवसाय दर्ता सिफारिस रु. ५ लाख सम्म | ५०० |
| ६४. | व्यवसाय दर्ता रु. ५ लाखभन्दा माथि सिफारिस | १,००० |
| ६५. | व्यवसाय नवीकरण रु. ५ लाख सम्म सिफारिस | २५० |
| ६६. | व्यवसाय नवीकरण रु. ५ लाखभन्दा माथि सिफारिस | ५०० |
| ६७. | पिछडिएको सिफारिस दस्तुर | १५० |
| ६८. | खाता सञ्चालन सिफारिस रु. ५ लाखसम्म | ५०० |
| ६९. | खाता सञ्चालन सिफारिस रु. ५ लाखभन्दा माथि | १००० |
| ७०. | खाता बन्द सिफारिस दस्तुर | २०० |
| ७१. | निकासी पैठारी सिफारिस | १००० |
| ७२. | नगर क्षेत्रमा सञ्चालन हुने घुम्ती व्यवसाय | प्रति महिना ५०० |
| ७३. | नगर क्षेत्रमा सञ्चालन हुने घुम्ती व्यवसाय प्रति ट्याक्टर | प्रति ट्रिप ८०० |
| ७४. | नगर क्षेत्रमा सञ्चालन हुने घुम्ती व्यवसाय प्रति मिनि ट्रक | प्रति ट्रिप १००० |
| ७५. | नगर क्षेत्रमा सञ्चालन हुने घुम्ती व्यवसाय प्रति ट्रक | प्रति ट्रिप १५०० |
| ७६. | राजश्वका रसिदको प्रतिलिपी | ५० |
| ७७. | शैक्षिक प्रमाणपत्रको प्रतिलिपी | ५०० |
| ७८. | व्यवसायिक प्रमाणपत्रको प्रतिलिपी | ३५० |
| ७९. | निर्माण व्यवासायिक प्रमाणपत्रको प्रतिलिपी | ५५० |
| ८०. | म्याद गुज्रेका खाद्य तथा पेय पदार्थहरुको विक्री वितरण जरिवाना | प्रति व्यापारी ५,००० |
| ८१. | डोजर प्रवेश सेवा शुल्क | प्रति वडा प्रति डोजर १०,००० |

पञ्चदेवल विनायक नगरपालिका

| | | |
|---|---|---|
| ८२ | टिप्पर सेवा शुल्क बिनायक बजार क्षेत्रका लागि (ईन्धन र ड्राईभर भत्ता सम्बन्धित सेवा ग्राहीको हुने गरी) | प्रति ट्रिप ३,५०० |
| ८३ | टिप्पर सेवा शुल्क बिनायक बजार क्षेत्र बाहेक नगरपालिकाको अन्य क्षेत्रमा (ईन्धन र ड्राईभर भत्ता सम्बन्धित सेवा ग्राहीको हुने गरी) | प्रति ट्रिप प्रति किलोमिटर ३०० |
| ८४ | टिप्पर सेवा शुल्क लामो अबधीका लागि (ईन्धन र ड्राईभर भत्ता सम्बन्धित सेवा ग्राहीको हुने गरी) | प्रति दिन १०,००० |
| ८५ | व्यवसायिक फर्म सूचीकृत | प्रति फर्म २,००० |
| ८६ | जातजाती प्रमाणित सिफारिस | १५० |

**अनुसूची-८**

(दफा ११ सँग सम्बन्धित)

**नगरपालिकाले लगाउने अवैध मदिरा सम्बन्धी शुल्क जरिवाना**

| क्र.सं. | अवैध मदिरा सम्बन्धी प्रावधान | जरिवाना दर रु |
|---|---|---|
| १. | अवैध तथा कमसल मदिरा उत्पादन तथा विक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी . १०,००० |
| २. | अवैध तथा कमसल मदिरा उत्पादन तथा विक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी १५,००० |
| ३. | अवैध तथा कमसल मदिरा ओसारपसार गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यक्ती ५,००० |
| ४. | अवैध तथा कमसल मदिरा ओसारपसार गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यक्ती १०,००० |
| ५. | मदिरा सेवन गरी होहल्ला गर्ने र शान्ति बिथोल्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यक्ति ३,००० |
| ६. | मदिरा सेवन गरी होहल्ला गर्ने र शान्ति बिथोल्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यक्ति ५,००० |
| ७. | अनुमति नलिई मदिरा बिक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी १०,००० |
| ८. | अनुमति नलिई मदिरा बिक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी १५,००० |

| | | |
|---|---|---|
| ९. | तोकिएको समयभन्दा बाहेक समयमा मदिरा बिक्रीवितरण गर्नेलाई (पहिलो पटकका लागि) | प्रति व्यापारी ५,००० |
| १०. | तोकिएको समयभन्दा बाहेक समयमा मदिरा बिक्रीवितरण गर्नेलाई (दोस्रो पटकका लागि) | प्रति व्यापारी १०,००० |
| **थोक बिक्रेताले बिहान १०:०० देखि अपरान्ह ५:०० बजेसम्म र खुद्रा बिक्रेताले अपरान्ह ५:०० देखि राती ८:०० बजेसम्म मात्र मदिरा बिक्रीवितरण गर्न पाइनेछ ।** | | |

**अनुसूची–९**

(दफा १३ सँग सम्बन्धित)

**नगरपालिकाले निःशुल्क प्रदान गर्ने सेवा तथा सिफारिस**

| क्र.सं. | निःशुल्क प्रदान गरिने सेवा तथा सिफारिस विवरण | करको दर रु. |
|---|---|---|
| १. | निवेदन दस्तुर | निःशुल्क |
| २. | जन्म दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ३. | विवाह दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ४. | बसाइँसराई दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ५. | सम्बन्ध विच्छेद दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ६. | मृत्यु दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ७. | गरीब तथा विपन्न सिफारिस | निःशुल्क |
| ८. | उपचार सिफारिस | निःशुल्क |
| ९. | स्वास्थ्य समस्या सिफारिस | निःशुल्क |
| १०. | योजनाको खाता परिवर्तन सिफारिस | निःशुल्क |
| ११. | योजनाको खाता फुकुवा सिफारिस | निःशुल्क |

पञ्चदेवल विनायक नगरपालिका